# अभिघातका दृष्टिले छिमेकी कथाको विश्लेषण

**वासुदेव गौतम [a]**
[a] महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय
Email: bashudevgautam50@gmail.com

*Article Info:*
Received: August 13, 2023
Revised: September 3, 2023
Accepted: September 20, 2023

*विशेष शब्द* **:** अभिघात, पात्र, अभिघात, छिमेकी, झगडा, ग्रामीण

**अध्ययन सार:** कथाकार गुरुप्रसाद मैनालीका हरेक कथाहरु सरल र सुबोद्य छन् । उनका कथाहरु धेरै पहिले लेखिएका भए तापनि आज पढ्दा पनि वर्तमान नेपाली समाजको आजै भएको घटना जस्तो लाग्छ । यसको उदाहरण छिमेकी कथा हो । आज पनि नेपाली गाउँ घरमा गुमाने र धनजिते जस्ता प्रतिनिधि पात्रहरु जस्तै एक मुठी घाँसको निहुँमा झैझगाडा गरिरहेका होलान् । उनीहरुको झगडाका कारण एकले अर्कोलाई अभिघात हुने वचन लगाएका छन् । उनीहरुको बिचमा एउटा सानो निहुँमा झगडा भएको छ । एउटाले भनेको वचनले अर्कोलाई चोट परेको छ चोट पर्नु भनेको अभिघात हुनु हो । मैनालीको प्रस्तुत कथाले अभिघातित पक्षलाई जोडेर अन्त्यमा आँठे रोगको प्रसङ्ग उठाएर दुबै छिमेकीलाई कहिल्यै नछुट्ने गरी मिलाइएको देखाएर कथा अन्त्य गरिएको छ । एउटा सानो कुरामा अरूले उचालेको भरमा उचालिनु नहुने र घमण्ड पनि गर्नु नहुने निष्कर्षमा प्रमुख पात्र गुमाने र धनजिते पुगेका छन् । कहिले काँही सानो कुरामा छिमेकीसँग झैझगडाले अभिघातित भए तापनि गुमानेको जस्तो व्यवहार प्रस्तुत गर्नुपर्ने मुख्य उपलब्धि यस कथाको रहेको छ ।

## विषय प्रवेश

आदर्शोन्मुख यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीले नेपाली साहित्यमा नेपाली समाजको विषयवस्तुलाई टिपेर कथा लेख्छन् । उनका कथाले समाजलाई आदर्शतर्फ डोऱ्याएको छ । मैनालीका हरेक कथाले समाजको आदर्शलाई आत्मसात गरेको पाइन्छ । छिमेकी कथालाई यसैको एउटा उदाहरणको रूपमा लिन सकिन्छ । प्रस्तुत कथामा कथाकाले गुमानेका माध्यमबाट आदर्श भाव प्रदर्शन गरेको छ । यो कथा उनको नासो कथा सङ्ग्रहमा सङ्ग्रहीत गरिएको छ । यस कथामा उनका एघारओटा कथाहरु सङ्कलन गरी तारानाथ शर्माले सम्पादन गरेर वि.सं. २०२० सालमा प्रकाशन गरेका थिए (गौतम र अधिकारी,२०६९) । प्रस्तुत कथाका गुमाने र धनजिते प्रमुख पात्र हुन् । उनीहरू करेसो जोडएका छिमेकी हुन् । छिमेकी हुँदा हुँदै पनि उनीहरूको बिचमा गोरुले धानको बिउ खाएको निहुँमा झगडा भएको छ । यही झगडाका कारण उनीहरूको बोलचाल बन्द हुन्छ जसका कारण आउ जाउ र एकले अर्कोलाई देखे भने पनि अर्कोतिर मुन्टो फर्काएर हिड्ने अवस्था सिर्जना भएको छ । यस्तो अवस्थामा दुबैले अभिघातको महशुस गरेका छन् । त्यस गाउँमा महामारी आँठे रोग फैलिएपछि गुमानेको परिवार बिरामी पर्दछन् । गुमाने र उसकी श्रीमती बिछ्याउनामा पर्दछन् । उसको घरमा गाउँभरिका मानिसहरू जम्मा भइ उसको अवस्थाको जानकारी लिन्छन् तर करेसो जोडिएको धनजिते फर्केर पनि हेर्दैन । यो आँठे रोग धनजितेको परिवारमा लागेपछि श्रीमान् श्रीमती दुबै इन्तु न चिन्तु भएका छन् । यस्तो अवस्थामा गुमानेले टुलुटुलु हेरेर बसिरहन सकेन र धनजितेका वस्तुभाउको हेरचाह र उसको सेवा टहलमा लागेको छ । केही समयपछि धनजितेको परिवार निको भएपछि र उसले पश्चाताप गरेको छ । यस कथाको प्रमुख पात्र धनजितेको वचनले गुमानेलाई अभिघात भएको छ भने गुमानेको वचनले धनजितेलाई अभिघात भएको छ । अभिघात कै कारण धनजितेले गुमाने बिरामी हुँदा हेर्नसमेत गएको छैन भने जस्तोसुकै अभिघात भएको भए तापनि गुमानेले धनजिते बिरामी हुँदा उसको घरपरिवार र वस्तुभाउलाई स्याहारसुसार गऱ्यो । यो दृश्ले धनजिते लज्जित हुन पुग्यो र गुमानेसँग माफी माग्दै सँधै गुमाने कै साथ हिड्न थाल्यो । त्यसपछिका दिनहरूमा दुबै छिमेकी मिलेर बसेको आदर्श घटना कथाकारले प्रस्तुत गरेका छन् ।

**समस्याकथन**

प्रस्तुत अध्ययनको मुख्य समस्या नेपाली साहित्यमा रचना गरिएको *छिमेकी कथामा अभिघात के कस्तो रहेको छ ?* भन्ने रहेको छ भने उद्देश्य *अभिघात चिन्तनको आधारमा छिमेकी कथाको विश्लेषण गर्नु* रहेको छ ।

**अध्ययन विधि तथा सामग्री**

यो अध्ययनमा पुस्तकालयीय अध्ययन गुणात्मक ढाँचामा वर्णनात्मक विधिमा आधारित छ । सामग्रीको अध्ययन तथा विश्लेषणका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि अनुशरण गरिएको छ । कथाकार मैनालीको ‘नासो’ कथा सङ्ग्रहलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ । कृतिपरक अध्ययन तथा अभिघात चिन्तनका निम्ति विभिन्न समालोचकहरुबाट लेखिएका ग्रन्थ, पाठ्यपुस्तक, अनुसन्धानमुलक आलेख, पत्रपत्रिका तथा अनुसन्धान पद्धतिका लागि ‘अनुसन्धान प्रबन्धको रूप र शैली’ र ‘भाषिक अनुसन्धान’ ग्रन्थको उपयोग गरिएको छ ।

**सीमाङ्कन**

यस अनुसन्धानमा ‘छिमेकी’ कथाको समग्र सामाजिक विशेषताहरुको अध्ययन गरिएको छैन त्यस्तै गरी कथा तत्त्व र प्रयोगपरक पक्षको पनि अध्ययन गरिएको छैन । प्रस्तुत अध्ययनमा केवल अभिघातीय पक्ष केलाउने प्रयासमा मात्र यो अध्ययन सीमित रहेको छ ।

**अभिघातको व्युत्पत्ति, अर्थ र प्रयोग**

अभिहननम्, अभिहन्यते इति वा चोट पुऱ्याइन्छ भन्ने अर्थमा हन (अदादिगण) धातुमा घञ् प्रत्यय लागि बनेको घात आधार पदमा अभि उपसर्ग लागि बनेको अभिघात शब्दको व्युत्पत्ति भएको हो (बराल,२०६८, पृ. ५४) । यसलाई नाम शब्दको रुपमा १. काटमार, प्रहार २. कसैप्रतिको आक्रमण, हमला, ३.व्यापारिक प्रतिष्ठा, ४. अतिप्रेरणा, झिँझ्याहट, विशेषण शब्दका रुपमा ६. धैरै, अति अर्थ गरिएका (पोखरेल सम्पा.,२०७५, पृ ६०) गरी छ प्रकारमा अर्थ्याइएको छ । प्रहार, हान्नु, मार हान्नु, मार्नु, काममा खास चीजको अर्को चीजसित बज्रनु, वा ठोकिनु (शर्मा,२०६८, पृपृ. ११३–१२२) भन्ने अर्थ लगाइएको छ । समालोचना सिद्धान्तका क्षेत्रमा भने यसलाई त्रास अथवा भयका कारण जन्मिने मानसिक संवेगको अर्थमा हेरिएको छ । यो अंग्रेजीको ‘ट्रामा थ्यारी’ पदावलीको रुपान्तरित शब्द हो (सुवेदी, २०६८, पृ. ८१) ।

अक्सफोर्ड डिक्सनरीले ट्रोमालाई बाहिरी घाउमा अर्थ्याएको छ । समयअनुसार नै यस शब्दको अर्थमा सत्रौँ शताब्दीमा पहिलो पटक प्रगोग गरेर पनि उन्नाईसौं शताब्दीसम्म आइपुग्दा शारीरिक आघातबाट मानसिक आघात अर्थमा रुपान्तरित भएकाले यसलाई भौतिक रोगमा भन्दा मानसिक रोगका रुपमा लिन थालियो (पौड्ल, २०७०, पृ. १२२) । भिक्टोरियामा रेल्वे दुर्घटनामा परेर शारीरिक रुपमा अशक्त भएकालाई ‘रेल्वे स्पाइन’ नाम दिइन्थ्यो । भिक्टोरियाका इयान ह्याकिङ्ले यसरी घाइते भएका मान्छे केही समयपछि निको भए पनि त्यसबाट उनीहरूमा लागेको रोग निको नहुने भएकाले ‘सम्झना रोग’ नाम दिए यस रोगभित्र हिस्टोरिया, विभाजित व्यक्तित्व, त्रास, दिक्दारी, झिँझ्याट, आत्माविस्मृति र अनिन्द्राजस्ता रोगहरु समाहित हुन्छन् । सुरू सुरूमा यसलाई शारीरिक अशक्तता र वंशाणुगत गुणका कारण हुने मान्यता राखिए पनि पछि सिग्मण्ड फ्रायड र ब्रअरले यस्तो रोग शारीरिक आघातले नभएर त्रासजन्य आघातले हुने निष्कर्ष दिए (गौतम , २०६५, पृ. ९८) । यसरी अभिघातले शारीरिक चोटमात्रलाई नबुझाएर स्नासिक, मनोवैज्ञानिक र मानसिक आघातलाई पनि अभिव्यक्त गर्न थाल्यो ( भट्टराई, २०६४ पृ. २२८) । प्रथम र द्वितीय विश्वयुद्धले मान्छेको शरीर र मानमा गहिरो अभिघात सृजना गरेपछि यस युद्धको चोटलाई पनि यसले अभिव्यक्ति दिन थाल्यो । यसप्रकार अभिघात शब्दको शारीरिक चोटबाट मानसिक चोटसम्म रेल्वे दुर्घटनाको चोटबाट युद्धको चोटसम्मको अर्थ विस्तार भयो । हिंसा, भय, त्रास, र व्यक्तिगत सम्बन्धले मान्छेमा पारेको मानसिक तथा शारीरिक असरर भन्ने अर्थ जनाउँछ । यस्ता असरबाट प्रवाहित मानिसमा दीर्घकालसम्म झस्किने, दिग्दारी मान्ने, रिसाउने , विस्मृत हुने, निन्द्रा नपर्ने र असामान्य गतिविधि प्रदर्शन गर्ने प्रवृत्ति देखापर्दछ (शर्मा, २०६८ पृ. ११३) । यसप्रकार अभिघात शब्द शारीरिक चोट अर्थमा मात्र सीमित नभई वर्तमानमा यसले व्यापक अर्थ प्रदान गर्न थालेको छ ।

**अभिघात चिन्तन**

साहित्यमा अभिघात शब्द युद्धजन्य, पीडाका कारणबाट विकसित भएको हो । यसलाई स्पष्टसँग बुझ्न द्वन्द्व, युद्ध, सङ्घातहरूका बिच रहेको भिन्नता ठहऱ्याउनु अपेक्षित हुन्छ । अर्थका कोणबाट हेर्दा सामीप्यता भए पनि द्वन्द्व, युद्ध एउटै होइनन् । द्वन्द्व भनेको मानसिक द्विविधा हो । यसको जन्म मनबाट हुन्छ । युद्ध भनेको परस्पर विरोधी पक्षबिच एकले अर्कालाई हराउने उद्देश्यले गरिने सङ्ग्राम हो । यो पैदा हुनुको मुख्य कारण तर्कक्षमताको परित्याग, मानव जीवन विज्ञान र संस्कृति हुन् (कोइराला, २०६८, पृपृ. २५३ र २५७) । द्वन्द्व हरेक मानव समाज र संस्कृतिमा रहने, यो सधैं गतिशील हुने, यस्तो गतिशीलता कहिले सिर्जनशील र कहिले विध्वंसात्मक पनि हुने गर्दछ । द्वन्द्व सिर्जनशील र असिर्जनशील हुन्छ । द्वन्द्व सिर्जनशील भएमा यो समाज विकासको साधक बन्दछ भने असिर्जनशील भएमा युद्धको रूप लिएर सङ्घात्मक बन्ने गर्दछ । व्यावहारिक तहबाट हेर्दा द्वन्द्वले युद्धलाई नै जनाउने हुँदा समाजमा द्वन्द्व पनि युद्धजस्तै मानसिक आघात पुऱ्याउने कारक तत्त्व मानिन्छ ।

मान्छेमा जुनसुकै कारणले अभिघात पैदा भए पनि यसबाट प्रभावित मान्छेका मनमा लामो समयसम्म पीडाबोध भइरहेको हुन्छ । भनिन्छ, बाहिरी शारीरिक चोट ठीक हुन्छ तर मानसिक रूपमा गहिरिएर बसेको स्मृतिचोट ठिक हुँदैन । उनीहरूमा अज्ञात भय, त्रास, हिस्टेरिया, आत्मविस्मृति अनिद्राजस्ता प्रवृत्ति हुन्छन् । अभिघातकै कारण उनीहरूमा भय, चिन्ता, लज्जा र शारीरिक पीडाका असह्य स्थिति उत्पन्न हुने गर्दछ (भट्टराई, २०६४ पृ. २३१) मनमा घाउ बनाउने अत्यन्त पीडादायी अनुभूति नै अभिघात हो । यो शारीरिक तथा मानसिक दुबै किसिमले भए पनि यसले मनोविज्ञान र साहित्यमा मानसिक आघातलाई जनाउँदछ । मृत्यु, अकाल मृत्यु, अपहत्ते बिछोड, हरण, बलात्कार, विनाश, हानि, नृशंशता आदि सङ्कटपूर्ण अवस्थामा परी भोक्ता वा द्रष्टा भएर असीम पीडाको बोध गरी मान्छे मानसिक रूपमा अभिघातित हुन्छ । यो पनि व्रण हो । नदेखिने खालको मुटुको घाउ हो (शर्मा, २०६६ पृ. ६२) । यस्ता मानिस पुनः सामान्य अवस्थामा फर्कने सम्भावना रहँदैन भने जटिल प्रकृतिका विक्षिप्तता र सन्काहापन देखापर्दछ (शर्मा, २०६८, पृ. (११३) ।

द्वन्द्व वा युद्धबाट मान्छे शरीरमा चोटपटक लागेर मात्र पीडित नबनी युद्धको दृश्य र वातावरणबाट पनि घाइते भई मान्छे त्यस्ता घटना सम्झेर त्रसित हुन्छ । यसैलाई सिर्जना र साहित्यका क्षेत्रमा अभिघात शब्दले अभिव्यक्त गर्ने गरेको छ (पौड्याल, २०७०, पृपृ. १२०-१२१) । यस्ता मानिस पुनः सामान्य अवस्थामा फर्कने सम्भावना रहँदैन भने जटिल प्रकृतिका विक्षिप्तता र सन्काहापन देखापर्दछ (शर्मा, २०६८, पृ. ११३) । प्रायः अभिघात द्वन्द्व वा युद्धजन्य अर्थमा परिचित भए पनि यसलाई द्वन्द्व वा युद्धसँग मात्र जोडेर यसको अर्थमा सङ्कुचन ल्याउनु उपयुक्त हुँदैन (पौड्याल, २०७०, पृ. १२३) । विछोड, मृत्यु, युद्ध, अपहेलनाजस्ता घटना र व्यवहारका कारण विक्षिप्त भई बाँचेका व्यक्तिको जीवनलाई चित्रण गर्ने साहित्य नै अभिघात साहित्य हो भने कृतिमा अभिघात उत्पन्न गर्ने कारण र अभिघातीय चरित्र भएका पात्र र परिवेशहरूको अध्ययन गर्ने सिद्धान्तचाहिँ अभिघात समालोचना हो । यसले अभिघात पैदा हुने कारण, त्यसको असर, असरको प्रकृति र यसको व्याख्या गर्ने कार्य गर्दछ । यसले कृतिमा चित्रित पात्रमा युद्धादिबाट उत्पन्न सन्त्रास, उसको मनोजगत् र अभिघातका कारण पैदा भएको असामान्य गतिविधिको विश्लेषण गर्दछ (पौड्याल, २०७०, पृ. १२४) । अभिघात त्रास अथवा भयका कारण जन्मिने मानसिक संवेग हो । विश्वका विभिन्न क्षेत्र र विभिन्न कालखण्डमा भएका अनेकौँ द्वन्द्वका स्थितिहरू जन्मिने मनोसङ्घातजन्य अनुभूति भय हो र यसलाई युद्ध साहित्यले राम्ररी उपयोग गरेर साहित्यको सिर्जना गर्ने काम निरन्तर हुँदै आएको छ (सुवेदी, २०६८, पृ. ८१) । आप्रवासन कै क्रममा विविध कारणले आप्रवासीले भोग्ने पीडा अभिघात बन्न पुग्दछ । विभिन्न किसिमका चुनौतीहरूको सामना गर्दै आफ्नो जगेर्ना गरिने प्रयत्नमा गरिएका सङ्घर्षका बिचमा जन्मेका परिस्थितिहरूको न्यास्रो भोगेर बाँच्नु पर्दाको पीडाजन्य अनुभूति यस किसिमको साहित्यको कारक तत्त्व मानिन्छ ( सुवेदी, २०६८, पृ. ७७) । पहिलो विश्वयुद्धले मानिसको जीवनपद्धतिलाई नराम्रोसँग प्रभावित तुल्याएको थियो । अझ दोस्रो विश्वयुद्धले त मान्छेलाई गहिरो रूपमै बिथोल्यो । अमेरिकाद्वारा जापानको हिरोशिमा र नागासाकीमा प्रहार गरिएको आणविक अस्त्रले लाखौं मानिस ध्वस्त भए । त्रास, भय र व्याकुलताका बाछिटाहरूले पूर्व र पश्चिम दुबैतिरका मानवीय संवेदनाहरूलाई नराम्ररी हल्लाइदियो ।

यो दोस्रो विश्वयुद्धको समाप्तिपछिको प्रतिक्रिया साहित्यमा अस्तित्ववाद र विसङ्गतिवाद बनेर देखा परेजस्तै भयको स्थिति त्रास र करुणाको कारक तत्त्व बनेर पनि देखा पर्‍यो (सुवेदी, २०६८पृ. ८१) । दोस्रो विश्वयुद्धपछि संयुक्त राष्ट्रसंघ खडा भए पनि भित्रभित्रै शस्त्रास्त्रको होडबाजी पनि चल्न थाल्यो । आफ्नो देशको सुरक्षाका निम्ति भन्दै आणविक अस्त्र निर्माण गर्ने कार्यले शीतयुद्ध सृजना भयो । एकातिर संयुक्त राष्ट्रको बहुराष्ट्रिय सैन्यबलको परिचालनको औपचारिक स्वीकृति र समर्थनमार्फत जति बेला पनि युद्धको घोषणा गर्न मिल्ने स्थिति र अर्कोतिर जतिबेला पनि प्रहार गर्न मिल्ने गरी हातहतियारको गोदाम बनाइएको परिस्थितिले सारा स्रष्टाको मनोविज्ञान पनि प्रभावित बन्यो (सुवेदी, २०६८, पृ. ८१) । मध्यपूर्वमा भएको लामो युद्ध, भियतनाम र अमेरिकाको युद्ध, सोभियत रूसको घटनापछि त्यहाँका विखण्डित राष्ट्रहरूमा भएको भीषण द्वन्द्व, पेरु, रुवाण्डा र इथियोपियामा भएको युद्ध, इराक, इरान, अफगानिस्तान, सिरिया आदि देशहरूमा भएका सशस्त्र सङ्घर्षहरु, कास्मिरलाई लिएर भएका भारत र पाकिस्तानबिचको द्वन्द्व, श्रीलङ्काको विद्रोह र हिंसा, तिब्बतको विद्रोह र हिंसा, भारतको झारखण्डमा भइरहेको विद्रोह र हिंसा, गोर्खाल्यान्डका निम्ति गरिएको विद्रोह र हिंसा, नेपालको २०५२ सालदेखि २०६२ सम्म भएको सशस्त्र द्वन्द्वले छेडेका भयावह परिवेशले अभिघातको स्थिति सृजना गरेको छ । सशस्त्र द्वन्द्वका अतिरिक्त सूचना र सञ्चारका माध्यमबाट आउने आतङ्क विषाक्त वस्तुको विकिरणबाट पैदा हुने आतङ्क दैनिक उपभोग्य वस्तु, औषधि र यातायातका साधनबाट उत्पन्न खतरापूर्ण स्थिति भयका मुख्य कारण बन्ने गरे (सुवेदी, २०६८, पृ. ८१) । सहयोगको नाममा धनी देशले गरिब देशको नागरिकहरुमाथि औषधिको प्रथम प्रयोग गर्ने प्रचलन पनि भयको कारण बन्ने गर्‍यो । कहिले काहीँ सूचना र सञ्चारमाध्यममार्फत् एन्थ्राक्सजस्ता भाइरस प्रक्षेपण गरी जनजीवनलाई आतङ्कित तुल्याइयो । जनयुद्ध, द्विदेशीय सीमा युद्धका क्रममा खनिएका सुरुङहरुमा बिच्छ्याइएका एम्बुस, बाटो, पुलपुलेसाहरूमा बिच्छ्याइएका एम्बुसहरू र कतिपय स्थानमा लुककाइएका बमबारुदहरु सन्धि-सम्झौता भइसक्दा पनि कतिपय ठाउँमा नहटाइएकाले वनमा गस्ती गर्न जानेहरू, गाईवस्तु  चराउन जाने गोठालाहरु, बाटामा हिँड्ने बटुवाहरू पनि शिकार भए । मैदानमा खेल्दै गरेका बालकहरुले बम भेटाएर खेलौना सम्झी खेलाउँदै गर्दा पनि विस्फोट भए । अझै कहाँ-कहाँ पड्कने हुन् भन्ने त्रासदपूर्ण स्थितिले मानिसमा अभिघात सृजना भयो र अहिलेसम्म भइरकेको छ । शीत युद्धोत्तर समयका साहित्यले पनि विश्वस्तरमा पारेका विषाक्त प्रभावका  क्षणलाई वर्तमानले भययुक्त बनाएर प्रस्तुत गरेको हुन्छ । विश्वसाहित्यमा यसलाई उत्तर आधुनिक कालको सौन्दर्य चिन्तनको विषय बनाएर प्रस्तुत गरिएको हुन्छ (सुवेदी, २०६८, पृ. ८२) । कुनै न कुनै कारणले आप्रवासनमा धकेलिएका मान्छेले मातृभूमिबाट विच्छेद भई अर्को मुलुकमा रहनुपर्दाको स्थितिबाट उत्पन्न भय, चिन्ता, एकान्तिकता र भयङ्कर असुरक्षाको चेतनाबाट उत्पन्न खिन्नता पनि अभिघात हो ।

शारीरिक होइन मानसिक घाउका रूपमा अघिभातले मनोविज्ञानमा उन्नाइसौँ शताब्दीतिरै प्रवेश पाएको हो तर यसको गहन अध्ययन फ्रायडपछिका मनोवैज्ञानिकहरूले गरे र त्यसपछि मात्र साहित्य विश्लेषणको फाँटमा यसको प्रयोग भयो (शर्मा, २०६६पृ. ६३) ।  इच्छित मुलुकमा समायोजनका सन्दर्भमा मानसिकतामा उत्पन्न हुने अपरिचितता, हीनता, असन्तुष्टि र बेचैनीबाट पात्रको मानसिकतामा परेका यसप्रकारका चोटहरूको उद्घाटन डायस्पोरिक कृति विश्लेषण गर्नुपर्दछ (पौडेल, २०७२, पृ. ४७) । पुर्ख्यौली भूमिबाट विच्छेद भएर इच्छित भूमिमा रहनुपर्दा पात्रहरुमा एकातिर आफ्नै परम्परागत संस्कार, रीतिरिवाज, आफन्त परिवार आदिको गहिरो माया रहिरहेको हुन्छ र अर्कातिर कर्मभूमिमा अन्तरात्माका सबै कुरालाई एकातिर पन्छाएर नयाँ परिवेश, चालचलन र संस्कारमा समायोजन गर्नुपर्ने बाध्यता हुन्छ । यस्तो अवस्थामा डायस्पोराका मनमा भय, चिन्ता, असुरक्षा, एक्लोपनजस्ता कुराहरुले सताइरहेको हुन्छ । यस्तो मानसिक रूपमा अनन्त पीडा र असन्तुष्टिले विक्षिप्त हुनु मानसिक अभिघात हो (पौडेल, २०७२, पृ. ५०) । डायस्पोरिक साहित्यको प्रमुख विशेषतामाध्ये अभिघात पनि एक हो । यसको अर्थ भय, चिन्ता, अपरिचितता र भयङ्कर असुरक्षाको चेतना हो (भट्टराई, २०६४, पृपृ. ११८-११९) । अभिघात मान्छेका मनमा पर्ने गहिरो चोट हो । विभिन्न परिस्थितिले पीडित बन्न पुगेका व्यक्ति र तिनका मनोदशालाई विषयवस्तु बनाएर रचना गरिने डायस्पोरिक रचनाहरुमा पनि अभिघातको अभिव्यक्ति फेला पार्न सकिन्छ । लामो समयदेखि बसिरहेको आफ्नो देश र ठाउँसँग जो कसैको गहिरो नाता सम्बन्ध हुन्छ । पुस्तौँदेखिको खानपान, उठबस, रीतिरिवाज, संस्कृति, चालचलन र समग्र वातावरणसँग उसको तादात्म्य सम्बन्ध रहेको हुन्छ । आफ्नो ठाउँलाई छाडेर अन्यत्र  व्यक्तिमा पर्ने प्रभाव स्वाभाविक रूपले असहज हुन्छ । उसका लागि त्यो ठाउँ र त्यहाँका व्यक्तिहरु अपरिचित लाग्नु, भयङ्कर

डर र चिन्ता जाग्नु र समग्रमा असुरक्षाको महसुस हुनु, कसैले हेरे पनि आफैँलाई हेरेको, आफ्नै कुरा काटेको लाग्नु, थोरै कसैले केही भनिहाले पनि सन्काहापन उर्लिएर आइहाल्नु, तिनीहरुले गर्ने अपमानजन्य व्यवहारका कारण पीडा, छटपटी र बेचैनी हुनु, सम्मोहन, दुःस्वप्न र दुष्कल्पनादेखि आत्तिनु, चिच्याउनु, तर्सनु, बर्बराउनु, ऐठन भएको अमनुभूति हुनु, कोही नआए पनि कोही आउँदै गरेको लाग्नु पनि अभिघात हो । यस्ता मनोगत पीडाहरूको असर शरीरमा पनि देखापर्नु, असह्य रूपमा टाउको दुख्नु, रगत छाद्ने र रगतै निशा गर्नेसम्मका विकार पैदा हुनु पनि अभिघात नै हुन् ।

**अभिघातका दृष्टिले छिमेकी कथाको विश्लेषण**

छिमेकी कथाको उल्लिखित मान्यताका आधारमा रहेर यहाँ विश्लेषण प्रस्तुत गरिएको छ ।

**छिमेकी कथाको विश्लेषण**

यो कथा कथाकार गुरुप्रसाद मैनालीको नासो कथा सङ्ग्रह (२०२०) मा संग्रहीत भएको एक उत्कृष्ट कथा हो । यो कथाको विषयवस्तु सामाजिक यथार्थवादमा आधाति छ । प्रस्तुत कथाले नेपाली समाजको यथार्थ समस्यालाई उजागर गरेको छ । यसमा विशेष गरी समाजमा बसोबास गर्ने निम्नवर्गका अशिक्षित किसानहरुको सामाजिक परिवेशका कारण मानव मनमा उत्पन्न हुने मनोदशालाई प्रस्तुत गरेको छ । यस कथामा सामन्तवादी सोच भएका धर्मानन्द पाध्यले निम्न वर्गका किसान गुमाने र धनजितेलाई जुधाएर असल छिमेकीलाई फुटाउने काम गरेका छन् । उनीहरूमा नकारात्मक भाव पैदा गरी एक अर्कालाई देख्नस्म्म नसक्ने परिस्थिति सिर्जना भएको पाइन्छ । यसबाट ग्रामीण भेगमा अशिक्षित वर्गमा परेको नकारात्मक प्रभावलाई प्रस्तुत गरिएको छ । यस कथामा गुमाने, धनजिते, धर्मानन्द पाध्ये र आशामरु साहू जस्ता पात्रहरू छन् । यी पात्रहरू मध्ये गुमाने र धनजिते निम्न वर्गीय पात्र हुन् भने धर्मानन्द र आशामरू सम्पन्न वर्गीय पात्र हुन् । उनीहरु ज्यामिरे फाँटमा रहेको चौतारामा रोपाइँ हेरिरहेका छन् । यसै बिच गुमानेका गोरुले धनजितेको आजभोलि रोप्नु पर्ने बिउ खाएपछि गोरुलाई धनजितेले कुट्छ अनि असारका गोरुलाई कुटेपछि सहन सक्दैन र गुमाने कराउन थाल्छ । 'मेरा गोरुले जति नोक्सान गरेको छ त्यति नै अर्मल ले, असारका गोरुलाई किन पिट्छ भनेपछि धनजिते पाखुरा सुर्कंदै, तेरा डाम्ना छाडा गरेर असारको बिउ चराउँछस्, अभm अर्मलको धाक लगाउँछस्, गुमाने चोर (मैनाली, २०२०, पृ.१३)' भनेर आफ्नो रिस पोख्दछ । यस प्रकारको तुक्ष्छ वचन धनजितेले गुमानेलाई लगाएपछि यसको मनमा मानसिक आघात परेको छ । यस्तो कुराले गुमानेलाई रिस उठ्छ र यसै अवसरलाई उपयोग गर्दै धर्मानन्द पाध्येले गुमानेलाई उचाल्ने मौका मिल्दछ । यसै क्रममा पाध्येले "कस्तो मिचाहा भोटे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफैँ पिट्छ अभm उही चोर सोर उड्कन्छ (मैनाली २०२०, पृ. १३)।" भनेर सोझो किसानलाई उचाल्दछ । धर्मानन्द पाध्येको कुराले गुमानेले धनजितेलाई हात छोड्छ । यसरी दुबै जना हात छोडा छोड्को अवस्थामा पुग्छन् । दुबै जना एक अर्कालाई भना भन गर्ने अवस्थामा पुगेका छन् । यी दुबै एकले अर्कालाई तिरस्कार गर्दछन् र बोल्चाल बन्द हुन्छ । करेसो जोडिएका छिमेकी ठुलो समस्या पर्दासमेत बेखर जस्ता हुन्छन् । गुमानेको मन कमलो भएकाले आफूलाई सहयोग नगर्ने धनजितेलाई मनखेखि नै उसको स्याहार सुसार गरेको छ । यही घटनालाई प्रस्तुत कथाको विषयवस्तुले आत्मसात गरेको छ । प्रस्तुत कथाको अभिघातलाई पात्रगत रुपमा निम्नानुसार उलेल्लेख गर्न सकिन्छ :

**छिमेकी कथाको पात्रमा परेको अभिघात**

प्रस्तुत कथा कथाकार गुरुप्रसाद मैनालीको नासो कथा सङ्ग्रह (२०२०) मा संग्रहीत भएको कथा हो । यो कथामा समावेश भएका पात्रहरु गुमाने घर्ती, धनजिते भोटे, धर्मादन्द पाध्ये र आशामरू साहू हुन् । कथामा उपस्थित भएका पात्रहरु गुमाने र धनजितेमा अभिघात परेको पाइन्छ । धनजितेले गुमानेका असारका गोरुलाई पिट्दा उसलाई मानसिक अभिघात परेको छ भने गुमानेले धनजितेलाई असारमा आजभोलि रोप्नु पर्ने बीउ उसका गोरुले खाइदिँदा पनि अर्मलको प्रसङ्गले धनजितेलाई मानसिक चोट परेकाले यही कारण उसलाई मानसिक अभिघात परेको देखाइएको छ । गुमानेलाई 'चोर' भन्दा मानसिक हिंसा भएकाले अभिघात भएको छ । कथाकार मैनालीले नेपालको तत्कालीन

समाजमा एक छिमेकी र अर्को करेसो जोडिएको छिमेकीको बिचमा ससानो कुरामा झैझगडा गर्ने, भना भन गर्ने विषयले दुबैमा मानसिक हिंसाका कारण अभिघात भएको कुरा उल्लेख गरिएको छ । यो विषयलाई पात्रगत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

**गुमानेमा परेको अभिघात**

गुमाने प्रस्तुत कथाको प्रमुख पात्र हो । ऊ ग्रामीण क्षेत्रको अशिक्षित किसान हो । अशिक्षाका कारण सामान्य विषयमा छिमेकीसँग झगडा हुँदा धनजितेले उसलाई 'गुमाने चोर' भनेकाले मानसिक रुपमा अभिघात भएको छ । गुमानेले आफ्ना असारका गोरुलाई धनजितेले पिटेपछि ऊ रिसले आगो हुन्छ । यसै प्रसँगमा कथाकारले कथामा व्यक्त गरेको विचार– "बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजिते ?( मैनाली, २०२०, पृ. १३)" त्यसपछि धनजितेले गुमानेलाई 'तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर (मैनाली, २०२०, पृ. १३)' यस्तो वाक् युद्धले गुमानेमा मानसिक अभिघात भएको छ । साथै धनजितेले चोर भनेर तुक्ष्छ व्यवहार प्रस्तुत गरेकाले गुमाने अभिघातित भएको छ । उनीहरुको बिचमा हात मिसामिस हुन्छ र गुमानेलाई कुलामा पछारेपछि उसलाई मानसिक र शारीरिक दुबै किसिमले अभिघात परेको देखाइएको छ । कथाकारले एक छिमेकीले अर्को छिमेकीलाई पीडा दिइ अभिघातित बनाएको प्रसँग उल्लेख गरेका छन् । गुमानेले अभिघातित ग्रामीण क्षेत्रका निर्दोष किसानहरुको प्रतिनिधित्व गरेको छ । यस्तो प्रतिनिधित्व देखाउन सक्नु कथाकारको सफलता मान्न सकिन्छ । आफू बलियो बाङ्गो भएको कुराको घमण्ड धनजितेले प्रस्तुत गर्दै गुमानेलाई मानसिक अभिघात पुऱ्याएको छ । समाजमा एउटा निर्धोलाई अर्को बलियोले कसरी पीडा दिँदो रहेछ भन्ने कुराको यो एउटा गतिलो दृष्टान्त हो । धनजितेले पहिले गुमानेका बाबुले 'काउलेको भञ्ज्याङ्मा आरूघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानवीरे द्वारेले गोर्खे लौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कनछस्' (मैनाली, २०२०, पृ. १३) । यस्तो व्यवहारबाट गुमानेमा मानसिक पीडा बोध भएको देखिन्छ । यो व्यवहारबाट गुमानेमा मानसिक अभिघात परेको छ ।

भदौ महिनामा त्यस गाउँमा 'आँठे' नामक रोग फैलियो । सबैभन्दा पहिले गुमानेको परिवारमा देखियो । उसको हेरचाहको निम्ति गाउँका सबै उपस्थित भए तर करेसो जोडिएको धनजिते आएन । रोगका कारण गुमानेको परिवारमा मानसिक र शारीरिक दुबै किसिमको आघात परेको छ । यस प्रसङ्गमा कथामा प्रस्तुत भएको अंश – पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, केही समयपछि आँठेले धनजितेको परिवारलाई समात्यो । आफ्नो घरमा धनजिते नआए पनि गुमानेको मन नौनी जस्तो भएको हुनाले बैगुनीलाई गुनले मार्नु पर्छ भनेर गुमाने गयो र धनजितेको हेरचाहमा लाग्यो । यही प्रसङ्गमा कथामा प्रस्तुत भएको अंश –'पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन । परन्तु जब स्वास्नीसमेत थला परी अनि गुमानेको चित्त रहन सकेन, विचार गऱ्यो – यस्तै दैव लाग्छ र यो छरछिमेकी खोज्नु परेको, नत्र ओढारमा गएर बसे पनि त भो नि, जहाँ पनि बस्नै न हो । दिन–दशा, आपत्– विपत्, कसलाई पर्दैन ? बलेको तुजुकल थियो, मलाई सँधै यत्तिकै पुग्छ भनेर घमण्ड गर्थ्यौं परमेश्वरले घमण्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन् एउटै नगरमा बढेर यो उमेर भो, दौँतर हो, यस्तो आपत् विपत्मा पनि देखेको नदेखै गरे पाप लाग्दैन (मैनाली, २०२०, पृपृ. १४–१५) ?' यस्तो विचार राखेर गुमाने धनजितेको घरमा गई स्याहार सुसारमा खट्यो । गुमानेको यस्तो व्यवहारले धनजितलाई अभिघतित अवस्थामा पुऱ्याएको छ ।

आशामरू साहूले गुमानेलाई पसलको मालताल लिन सहर जान आग्रह गर्दा छिमेमको यस्तो अवस्थामा नजानेभन्दा उसलाई साहूले लोभ देखाउँछन् । त्यो लोभमा नफसी छिमेकीको स्याहार सुसारमा लाग्दछ । यस्तो अवस्थामा सम्पन्न वर्गले विपन्न वर्गलाई मानसिक अभिघात पारेको देखिन्छ । यसको सिकार गुमाने भएको छ । यस्तो सिकारका कारण गुमानेलाई मानसिक अभिघात परेको छ । यसरी गुमानेको सहयोगका कारण धनजितेलाई निको हुन्छ । त्यस कारण धनजितेले गुमानेलाई सँधै सम्मान गर्दछ । यस किसिमको कथावस्तु प्रस्तुत कथामा कथाकारले समावेश गरेर गुमानेमा परेको मानसिक र शारीरिक पीडा, डर त्रासबाट अभिघातित भएको कुरा कथामा देखाइएको छ ।

**धनजितेमा परेको अभिघात**

धनजिते प्रस्तुत कथाको प्रमुख पात्र हो । ऊ ग्रामीण क्षेत्रको एक अशिक्षित किसान हो । अशिक्षाका कारण सामान्य विषयमा छिमेकीसँग झैझगडा गर्दछ । आफ्नो आजभोलि रोप्नु पर्ने बीउ धनजितेका गोरुले खाइदिएपछि पनि गुमानेले अर्मलको कुरा गरेपछि उसलाई मानसिक अभिघात परेको छ । यसै प्रसँगमा गुमानेले भनेको अंश– ‘बीउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस ए धनजिते ?’(मैनाली, २०२०, पृ. १३) । यो प्रसँगले धनजितेलाई सहिनसक्नु भएर मानसिक असर परेको छ । फलस्वरूप–‘तेरा डाम्ना छाडा गरेर असारको बीउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस्, गुमाने चोर ?’(मैनाली, २०२०, पृ. १३) । यस्तो किसिमको मानसिक पीडा हुने वचन प्रहार गरेपछि दुबैमा वाक् युद्ध सुरू हुन्छ । असारमा धान रोप्न तयार भएको बीउ खाइदिएपछि अशिक्षित किसान धनजितेको मनमा कस्तो असर पऱ्यो होला ? कस्तो मानसिक असर पऱ्यो होला ? कसरी सहन सकोस् ऊ ? त्यसपछि उसले गोरुलाई पिट्न लाग्यो । यस्तो अवस्थामा गुमानेले अर्मल तिर्छुभन्दा कोही किसान सहन सक्छन् ? त्यसैले उसले गोरुलाई डाम्नासाम्ना भनेर गाली गर्दै र गुमानेलाई चोरसोर भन्न पुगेको छ । यी सबै कुरा उसमा परेको मानसिक अभिघात कै कारण हुन् । गुमानेले धनजितेलाई उल्टै डाकुसाकु भनेर शारीरिक रूपमा हात हालेपछि धनजितेले आफूलाई पीडाको महसुस गर्दछ । गुमानेले धनजितेलाई अघोरसँग गाली गर्दछ । यस्तो तुच्छ गालीले धनेलाई मानसिक आघात परेको कुरा कथाकारले यस कथामा प्रस्तुत गरेका छन् । एक अर्का असल छिमेकीले दिएको अभिघातका कारण बोलचार बन्द भएको अवस्था कथामा प्रस्तुत गरिएको छ । भनिन्छ ‘छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् ।’ यस्तो अवस्थाका छिमेकी मानसिक पीडाका कारण एउटालाई समस्या पर्दा अर्कोले सहयोगको कुरा नै छाडौं कि फर्केर हेर्दा पनि हेर्दैन । गुमानेले दिएको मानसिक अभिघातका कारण बिरामी हुँदासमेत धनजितेले करेसो जोडिएको छिमेकी गुमानेलाई फर्केर हेर्दैन । कथाकारले धाजितेका माध्यमबाट प्रस्तुत कथामा मानसिक रूपमा चोट पुऱ्याएपछि मानिस कति कठोर हुन्छ भन्ने प्रसँग उल्लेख गरेका छन् । यस्ता घटनाहरु शारीरिक र मानसिक अभिघात कै कारण बन्न पुगेका छन् । यो कुराको पुष्टि प्रस्तुत कथामा धनजितेबाट कथाकारले व्यक्त गरेका छन् ।

गाउँघरमा अशिक्षाका कारण अरूले उचालेकाले छिमेकीको बिचमा पानी बाराबारको स्थिति सिर्जना हुन्छ । जब समस्या सिर्जना हुन्छ तब छिमेकी नै चाहिने महसुस हुन्छ । रोग नलागुन्जेल वलको घमण्डले उन्मात भएको धनजिते रोगले थलिएपछि उसको सबै घमण्ड नास हुन्छ । त्यसपछि गुमानेको सहयोग पाएर निको हुन्छ र गुमानेको पाउ परेर माफी माग्छ । एउटा सानो कुरामा अरूले उचालेको भरमा उचालिनु नहुने र घमण्ड पनि गर्नु नहुने निष्कर्षमा पुग्छ । कहिले काँही सानो कुरामा छिमेमीसँग झैझगडाले अभिघातित भए तापनि गुमानेको जस्तो व्यवहार प्रस्तुत गर्नुपर्ने मुख्य उपलब्धि प्रस्तुत कथाको रहेको छ ।

**निष्कर्ष**

प्रस्तुत कथा सामाजिक यथार्थवादी कथा हो । यसमा उपस्थित भएका पात्रहरुले नेपाली समाजको यथार्थतालाई चित्रण गरेका छन् । ग्रामीण भेगमा सम्पन्न वर्गले विपन्न वर्गलाई शोषण गर्ने, हेप्ने, पीडा दिने र सताउने कार्य गर्दछन् भन्ने कुरा धर्मानन्द पाध्ये र आशामरु साहूबाट छर्लङ्ग भएको छ । कथाकारले कथामा एउटा सानो निहुँमा छिमेकी–छिमेकी बिच हात मिसामिस भएको घटनालाई प्रस्तुत गरेका छन् । शारीरिक रूपले बलियो धनजितेले कमजोर तर छुच्चोमुख भएको गुमानेलाई कुलाको पानीमा सुताइदिएपछि वाक् युद्ध सुरू भएको छ । यस घटनाले गुमानेलाई मानसिक रूपमा अभिघात भएको छ भने त्यसपछि गुमानेले गरेको गालीका कारण धनजितेलाई पनि मासिक अभिघात भएको छ । यी सम्पूर्ण घटनाले त्यस गाउँको सम्पन्न वर्ग भनाउँदो धर्मानन्द पाध्येले सानो कुरालाई ठुलो पारेर धनजितेलाई उचालेको घटनाबाट द्वन्द्व सुरू भएको छ । निम्न वर्गका दुई पात्र गुमाने र धनजितेमा एकले अर्कोलाई अशिक्षाका कारण अभिघात भएको महसुस भएको छ । अन्त्यमा लामो समयसम्म उनीहरूको बिचमा बोलचालसमेत हुदैँन तर समस्या परेपछि एकले अर्कोलाई सहयोग गरे पश्चात् पश्चताप गर्दै दुबैजना मिलेर बसेको घटना प्रस्तुत गरी शोषक, सामान्तीहरुबाट पीडा पाएको तथा अभिघात भएको कुरा बुझ्दछन् । यसरी कथाकारले यस कथामा पात्रहरुमा अभिघात भएको विषयलाई उठाइएको छ । छिमेकमा बसेपछि सानो विषयमा झैझगडा भयो भन्दैमा आउजाउ नै बन्द हुनुपर्ने अवस्था सिर्जना हुनु हुँदैन । भनिन्छ एउटै ओछ्यानमा

सुतेपछि लात्ती लाग्न सक्छ भने झैं छिमेकमा बसेपछि कहिले काँही झगडा हुन सक्छ त्यसले एक अर्कोमा अभिघात हुन सक्छ त्यसलाई बिर्सेर छिमेकमा मिलेर बस्नु भन्ने सन्देश कथामा व्यक्त गरिएको छ ।

**सन्दर्भसूची**


कोइराला, कुमार (२०६८), *आख्यान विमर्श,* काठमाडौँ : आरिएण्टल पब्लिकेशन ।

गौतम, शङ्करप्रसाद (२०६५), ‘‘समकालीन द्वन्द्वकथालाई अभिघातले हेर्दा’’, मधुलिका, (१३–१०), पृपृ. ९६–१०१ ।

गौतम, वासुदेव, अधिकारी, गणेशराज (२०६९), *नेपाली कथा र उपन्यास : सिद्धान्त र समीक्षा,* काठमाडौँ : भुडीपुराण प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०७५), नेपाली बृहत् शब्दकोश, (सम्पा.),(सं. र प. द.सं), काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, एकनारायण (२०७०), *समालोचको स्वरूप र पद्धति, चितवन* : विमर्श प्रकाशन ।

बराल, टीकदत्त (२०६८), *तत्सम नेपाली व्युत्पत्ति शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, गोबिन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मार्डन बुक्स ।

मैनाली, गुरुप्रसाद (२०२०), *नासो*, ललितपुर : साझा प्रकाशन ।

शर्मा, बिन्दु (२०६८), *‘कथाको अभिघात समालोचना’*, उन्मेष, (१२), पृ. ११३– १२२ ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालललेचना,* काठमाडौँ : क्वेस्ट पब्लिकेशन ।

सुवेदी, राजेन्द्र (२०६८), *नेपाली समालोचना परम्परा र प्रवृत्ति,* काठमाडौँ : पाठय्सामग्री प्रकाशन ।